वीरेन्द्रनगरनगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः ०८१/०८२
चलानी नं.

मितिः२०८१।१०।२१
ने सं: ११४५ पोहेलागा, सोमबार

## कागती पकेट विकास कार्यक्रम सञ्चालनका लागि प्रकाशित सूचना
### दोस्रो पटक प्रकाशित मितिः२०८१/१०/२१

प्रस्तुत विषयमा यस वीरेन्द्रनगर नगरपालिका कृषि विकास शाखाको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तर्फको **आ.व २०८१/०८२ मा नयाँ सुन्तलाजात पकेट विकास कार्यक्रम** सञ्चालनका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल, २०७७ बमोजिम सञ्चालन हुने गरि **कागती पकेट विकास कार्यक्रम** वीरेन्द्रनगर नगरपालिकाका तपसिलका क्षेत्रहरुमा सञ्चालन गर्नुपर्ने भएकोले प्रथम पटक मितिः२०८१/१०/०३ गते प्रकाशन गरिएको सूचनामा कुनै आवेदन नपरेकाले उक्त कार्यक्रम सञ्चालन गर्नका लागि दोस्रो पटक यो सूचना प्रकाशन गरिएको छ। तोकिएका वडा भित्रका ईच्छुक कृषि समुह/कृषि सहकारीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मितिः२०८१।१०।२७ सम्म यस कार्यालयको कृषि विकास शाखामा ,तोकिएको ढाँचा (अनुसूची- १०) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै यस विषयमा थप जानकारीका लागि वीरेन्द्रनगर नगरपालिका कृषि विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

१०/२१

**तपशिलः**

| क्र शं | कागती पकेट विकास कार्यक्रम सञ्चालन हुने वडा | बजेट बाँडफाँड | कैफियत |
|---|---|---|---|
| १ | वीरेन्द्रनगर नगरपालिका वडा नं १५ | ५,२५,०००/-(पाँच लाख पच्चिस हजार मात्र) | |
| २ | वीरेन्द्रनगर नगरपालिका वडा नं १६ | ५,२५,०००/-(पाँच लाख पच्चिस हजार मात्र) | |

**निवेदन साथ संलग्न राख्नुपर्ने आवश्यक कागजातहरुः-**

१.समुह/सँस्था दर्ता नवीकरण प्रमाण-पत्र, प्यान नं. र चालु आ/व को करचुक्ताको प्रतिलिपि
२.सम्बन्धित वडा कार्यालयको सिफारिस
३. अनुसूची १० अनुसारको ढाँचामा निवेदन (माग गरेको सामग्री स्पष्ट खुलेको हुनुपर्नेछ)
४.प्रस्तावकले कम्तिमा ५०% लागत साझेदारी गर्ने प्रतिबद्वता पत्र
५.गत आ व को सँस्थाको लेखा परीक्षण भएको प्रतिवेदन प्रतिलिपि
६. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन)को स्वामित्व खुल्ने कागजातको प्रतिलिपि (जग्गा भाडाँमा भए कम्तिमा ५ वर्षको सम्झौता पत्र)
७. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि
८.समुह/सहकारीको निर्णय
९.निवेदन बुझाउने अन्तिम दिन सार्वजानिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुल्ने दिन निवेदन बुझाउन सकिनेछ।

**थप जानकारीका लागी :**

सम्पर्क व्यक्ति :निशा के .सी
पदःकृषि अधिकृत (सम्पर्क नं:९८४४८९१८२९)

Website: - birendranagarmun.gov.np,
Email:-ito.birendranagarmun@gmail.com,krishisakhabnnp@gmail.com

CamScanner